नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# श्री बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

## शिलबन्दी वोलपत्र आव्हानको सूचना नं.- ०६/०८२/८३

**प्रकाशित मिति २०८२/१०/२१**

यस श्री का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी वोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरू**

१. वोलपत्रको ग्राह्यता (इलिजिविलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने वोलपत्रदाताले वोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ । (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि,(ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee) (ज) Authorization Certificate, Product datasheet and ISO certificate.

२. शिलबन्दी वोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र वोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ । वोलपत्रको खाम बाहिर के सम्बन्धी वोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी वोलपत्र वोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ । बैंक ग्यारेण्टी(विल्ड बोण्ड) वोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ । नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११० ९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. वोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. वोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ ।

७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको वोलपत्रलाई मान्यता दिईने छैन ।

८. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू वोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ ।

१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी वोलपत्र दस्तावेजको हरेक पानामा वोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ । साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१२ **वोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन ।**

**तपशिल**

| ठे.नं. | कामको विवरण | वोलपत्र जमानी रकम (ठेक्का लागत अंकको) | लागत अनुमान (मु.अ.कर समेत) | फाराम दस्तुर |
|---|---|---|---|---|
| BNADC/CCTV-13-82/83 | का.म.पा.वडा नं ६ बौद्ध क्षेत्रमा सम्पदा सुरक्षाको लागी सि.सि.क्यामरा जडान गर्ने कार्य | २.५ प्रतिशत | ३४,९९,८०६.०१ | १,५०० |